फोन नं. : ०८८-४१३११५

Email: dforukumpurba@gmail.com
Website: dforukumeast.lumbini.gov.np

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय, रुकुम (पूर्व)

## प्रस्ताव आव्हान सम्बन्धी सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०।०६।२५

यस कार्यालयको चालु आ.व. २०८०/०८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपशिलका कार्यक्रमहरु सञ्चालन गर्न अनुदान सहयोग उपलब्ध गराउन सकिने कार्यक्रम रहेकाले योग्यता पुगेका र नियमानुसार दर्ता भएका इच्छुक वन उपभोक्ता समूह, व्यक्ति, निजी क्षेत्र, अन्य समूह तथा सहकारी संस्थाहरुले यस सुचना प्रकाशित भएको मितिले ३० दिनभित्र तोकिएको ढाँचामा प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । रीत नपुगी र म्याद नाघी आएको प्रस्ताव माथी कुनै कारवाही हुने छैन ।

तपशिल

| सि. नं. | कार्यक्रमको नाम | प्रस्तावको क्षेत्र | संख्या | बजेट रु. (कन्टिन्जेन्सी समेत) |
|---|---|---|---|---|
| १ | एक सामुदायिक वनः एक उद्यम विकास कार्यक्रम | मूल्य अभिवृद्धी गर्न आवश्यक पर्ने संकलन, प्रशोधन र भण्डारण लगायतका कार्यहरुमा सहयोग पुग्ने प्रविधि तथा उपकरणहरुमा सहयोग आदी । | १ | ५,००,०००।० |
| २ | पकेट क्षेत्रमा जडिबुटी खेती बिस्तार | जडिबुटी रोपण तथा खेती बिस्तार | १ | ५,००,०००।० |

द्रष्टव्य

१. प्रस्तावकले तोकिएको ढाँचामा व्यवसायिक योजना (आर्थिक र प्राविधिक) सहितको विस्तृत लागत अनुमान समेटिएको प्रस्ताव पेश गर्नुपर्नेछ । प्रस्तावको ढाँचा यस कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।
२. सि नं. १ को हकमा सामुदायिक वन उपभोक्ता समूहहरुले मात्र प्रस्ताव पेश गर्न सक्नेछन् ।
३. प्रस्ताव कार्यान्वयनका लागि बजेटको परिधिभित्र रहि कुल लागतको ७५ प्रतिशतसम्म अनुदान सहयोग उपलब्ध हुन सक्नेछ ।
४. प्रस्तावको साथमा प्रस्ताव पेश गर्ने संस्थाको नाम, ठेगाना, दर्ता, नविकरण, PAN/VAT दर्ता प्रमाणपत्रहरु सहितको विस्तृत विवरणहरु पेश गर्नुपर्नेछ ।
५. अन्य निकायबाट एउटै प्रयोजनको उद्यममा अनुदान प्राप्त गरेका समूह/ उद्यम प्रवर्धनका लागी विगत आ.व. हरुमा यस कार्यालयबाट अनुदान प्राप्त गरेका संघ संस्थालाई सोही प्रयोजनका लागि पुनः अनुदान उपलब्ध गराईने छैन ।
६. विस्तृत सुचनाको लागी यस कार्यालयको dforukumeast.lumbini.gov.np website मा समेतबाट जानकारी प्राप्त गर्न सकिनेछ ।
७. थप जानकारीका लागि कार्यालय समयमा यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।